भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. २ र ३ मा निर्माण सम्पन्न भएका माथिल्लो टुंडाखोला झोलुङ्गे पुल, निमाडा खोला झोलुङ्गे पुल र टुडाखोला झोलुङ्गे पुलहरुको लागी आवश्यक समपुरक रकम रु. ३,४०,३००।- समपुरक कोष बाट विनियोजन गर्ने निर्णय गरियो । प्राप्त अनुदानबाट भुक्तानी दिन अपुग भएमा मात्र समपुरक कोषबाट खर्च गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं २ :**

यस भगवतीमाई गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५।०७६ को वार्षिक समिक्षा बैठक २०७६ जेठ २७ गते संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस भगवतीमाई गाउँपालिकाका वडा नं. ३, ५, ६ र ७ को वडा कार्यालय व्यवस्थापन गर्नको लागि यस कार्यालयको कन्टेन्जेन्सी रकम शिर्षकबाट रु. २०००००। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयमा रहेका स्कारपियो गाडी तथा एम्वुलेन्स गाडी चलाउन आवश्यक हलुका सवारी चालकको विज्ञापन यस अघि भएकोमा पर्याप्त मात्रामा दरखास्त नपरेको हुँदा थप दरखास्त प्राप्तीको लागि थप ७ दिनको विज्ञापन म्याद थप गरी सूचना प्रकाशित गर्न पदपूर्ति समितिलाई निर्देशन दिने निर्णय गरियो ।